**कोरोना भाइरस सङ्क्रमणसम्बन्धी सुदूरपश्चिम प्रदेशको अवस्था**
**कैलाली । ०७७ वैशाख १५ गते**
सुदूरपश्चिम प्रदेश अन्तर्गत कोरोना भाइरस सङ्क्रमणको रोकथाम तथा नियन्त्रणका लागि स्थानीय तहबाट भइरहेका प्रयास र समस्याका सम्बन्धमा इन्सेक जिल्ला प्रतिनिधिहरूले वैशाख १५ गते पठाउनु भएको सूचनाका आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक बाजुरा जिल्ला प्रतिनिधि पदमबहादुर सिंहका** अनुसार लकडाउनको समयमा त्रिवेणी नगरपालिका वडा नम्बर ९ का वडा अध्यक्षले कानुन विपरित आफ्नै मनोमानी ढङ्गले  वडा नम्बर ९ को कार्यालय सारेको भन्दै स्थानीयले बिरोध गरेका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय वडा पालिकाको स्थायी केन्द्र वडा समितिको दुई तिहाइबाट सरकारले परिवर्तन गर्न मिल्ने भए पनि वडा अध्यक्षले मनोमानी तरिकाले वडा कार्यालय सारेको स्थानीय बलराम विष्टले बताउनु भयो ।
त्रिवेणी नगरपालिका वडा नम्बर ९ बाँगापाटामा वैशाख ८ गते एक जना व्यक्तिमा र्‍यापिड टेस्ट गर्दा पोजेटिभ देखिएको र उनकै घर नजिकै वडा कार्यालय रहेका कारण सङ्क्रमण हुने सम्भावना रहेकोले वडा कार्यालय सारिएको स्थानीय लोचन विष्टको भनाइ छ । अहिले वडा कार्यालय  रत्न माविको भवनमा सारिएको छ । वडा कार्यालय तत्काल सबैको पाएक पर्ने ठाउँमा नसारिए वडाबासी आन्दोलनमा उत्रिने बलराम विस्टले बताउनु भयो ।
वडा अध्यक्ष वीरबहादुर  विष्टले वडा कार्यालय रहेको घरमा बैठक सञ्चालन गर्न समस्या भएको र अहिलेको अवस्थामा सामाजिक दूरिकायम गरी बैठक सञ्चालन गर्नु पर्ने भएकोले सबैलाई सजिलो हुँने गरी अस्थायी रुपमा रत्न माविमा सारिएको बताउनु भयो । कोरोना सङ्क्रमण रोकथाम भएपछि सबैको पाएक पर्ने ठाउँमा वडा कार्यालय राखिने वडा अध्यक्ष विष्टको भनाइ छ।

**इन्सेक दार्चुला जिल्ला प्रतिनिधि नरेन्द्र कार्कीका** अनुसार गत चैत १३ गतेदेखि सीमावर्ती बजार धार्चुलाका पाँच ओटा क्वारेन्टाइनमा रहेका नेपाली नागरिकलाई  फर्काउन सरकारले वेवास्ता गरेको सरोकारवालाहरुको भनाइ छ । जिल्लाबाहिरबाट आफ्ना नागरिक ल्याउन स्थानीय, प्रदेश र सङ्घीय सरकारका जनप्रतिनिधिहरुले पहल गर्दै आएका भए पनि भारतमा मजदुरी गरी घर फर्किन लागेका नेपाली ल्याउन वेवास्ता गरेको अधिवक्ता धिरेन्द्र साउँदले बताउनु भयो ।
उहाँले भन्नु भयो -'मजदुरी गरि सीमामा पुगेका उनीहरुको स्वास्थ्य चेकजाँच गरी घर फर्काउनु पर्छ ।स्थानीय तहकै क्वारेन्टाइनमा राख्ने गरी ल्याइनु पर्छ । काठमाण्डौं, धनगढी, महेन्द्रनगरबाट उद्धार गरी ल्याउनुभन्दा मजदुरी गरी भारतमै अड्कीएका नेपालीको उद्धार गर्नु पर्छ । एक महिना बढिसम्म समस्यामा बसेका नेपालीको विषयमा अझै राज्य जिम्मेवार हुँन नसक्नु लज्जाको विषय हो ।'
सर्वोच्च अदालतलेसमेत लकडाउनका कारण भारतीय सीमा क्षेत्रमा क्वारेन्टाइनमा रहेका नेपालीलाई घर फर्काउन वा भारतमै गाँस, बासको प्रबन्ध मिलाउन आदेश जारी गरे पनि सुनुवाइ भएको छैन् ।
भरतको बालुवाकोट क्वारेन्टाइनमा रहेका विरेन्द्र लोहारले आफूहरु भारतीय क्वारेन्टाइनमा भेडा जस्तै गरी बस्नु परेको बताउँदै सवोच्च अदालतले समेत आफूहरुको उद्धार गरी नेपालमै व्यवस्थापन गर्न आदेश दिएको भए पनि सरकारले उद्धारमा चासो नदिएको बताउनु भयो ।  बैतडीका अमृत बोहराले राज्यले आफ्नै नागरिकहरुमाथि सौतेलो व्यवहार गरेको बताउनु भयो । आफ्नै भूमिमा पुगिसकेको मान्छेलाई एक महिनादेखि भारतीय शिविरमा राखेर आफूहरुमाथि अन्याय गरेको उहाँको भनाइ छ ।
दार्चुलाका सहायक प्रमुख जिल्ला अधिकारी टेकसिह कुँवरले स्थानीय प्रशासनले आन्तरिक तयारी पूरा गरेपनि माथिकै आदेश नआउँदा उद्धारमा ढिलाई भएको बताउनु भयो । भारतमा रहेका नेपाली ल्याउने

विषयमा तीन पटक निर्णय गरिसकेका छौ, सहायक प्रमुख जिल्ला अधिकारी कुँवरले भन्नुभयो । हामीले कार्ययोजना अनुसार दुई नाकाबाट उनीहरुलाई भित्र्याउने र सम्बन्धित जिल्लाका स्थानीय तहमा पठाउने तयारी थियो तर भारतिय र नेपाली पक्षबीच सीमा पारी क्वारेन्टाइनमा राखिएका सबैको अनिवार्य स्वास्थ्य परीक्षण गरेर मात्र ल्याउने समझदारी भएको जानकारी आएपछि अझै एकहप्ता उतै बस्नुपर्ने अवस्था आएको सहायक प्रमुख जिल्ला अधिकारी कुँवरको भनाइ छ । गृह सचिवले मौखिक रुपमा जानकारी दिदै भारतीय सीमामा राखिएकाहरुको स्वास्थ्य परीक्षण गराएर मात्र ल्याउने समझदारी भएकाले थप एक हप्ता उतै राख्नु पर्ने भन्दै सोही अनुसार व्यवस्थापन गर्न निर्देशन आएपछि उद्धार कार्य रोकिएको कुँवरले बताउनु भयो ।

काठमाण्डौंबाट वैशाख १४ गते दार्चुला पुगेर महेन्द्र नमूना मावि खलंगाको क्वोन्टाइनमा राखिएका व्यक्तिहरुले क्वारेन्टाइन व्यवस्थित नभएका कारण सङ्क्रमणको जोखिम बढेको गुनसो गरेका छन् । विद्यार्थी राजेश धामीले क्वारेन्टाइनमा खाना, पानी, शौचालयको उचित व्यवस्थापन नभएको र काठमाडौँबाट फर्केका २६ जना विद्यार्थीलाई पनि यसअघि भारतबाट फर्किएकाहरुसँगै राखिएकोले सङ्क्रमणको जोखिम बढेको गुनासो गर्नु भयो ।

महाकाली नगरपालिका विपद शाखा प्रमुख भुवन जोशीले भने उनीहरुले गुनासो गरेजस्तो समस्या नभएको बताउनु भयो । हामीले क्वारेन्टाइनमा नियमअनुसार खाना र खाजाको व्यवस्था गरेका छौँ, उहाँले भन्नुभयो, कपडा दिएका छौँ । नगरपालिकाले बिहान चियाँ नास्ता, खाना, दिउँसो चिया नास्ता र बेलुकी खाना दिएकै छौँ । आफै शौचालयमा गएर पानी नहाल्ने अनि सरसफाइ भएन भनेर गुनासो गर्नुको औचित्य छैन् ।

काठमाडौँ र भारतबाट फर्किएकाहरुलाई एउटै ठाउँमा राखिएको र क्वारेन्टाइन व्यवस्थित नभएको गुनासो आएपछि आफूहरुले क्वारेन्टाइनको अनुगमन गर्दा गुनासो आएजस्तै समस्या नभएको सहायक प्रमुख जिल्ला अधिकारी टेकसिह कुँवरले बताउनु भयो । उहाँले भन्नु भयो -' अहिलेको अवस्थामा सबै सुविधा पुऱ्याउन पनि सकिने अवस्था छैन् । तर,पनि जिल्लाको कतिपय क्षेत्रको तुलनामा खलंगाका क्वारेन्टाइन प्रभावकारी नै छन् ।'

दार्चुलाको शैल्यशिखर नगरपालिका वडा नम्बर ४ का स्थानीयलाई राहत लिन चार घण्टा पैदल हिडाइएको छ । वडा तहमै वितरण गर्नु पर्ने राहत लिन वडा कार्यालयले बैतडीको डिलाशैनी गाउँपालिका वडा नम्बर ६ कर्कलेसम्म हिडाएर राहत वितरण गरेको हो । लकडाउनको समयमा एक वडाबाट अर्को वडामा जानसमेत रोक लगाएको अवस्थामा एक स्थानीय तहको व्यक्तिलाई अर्को स्थानीय तहसम्म हिडाएर राहत वितरण गरिएको छ । एक महिनादेखि लकडाउनका कारण समस्यामा परेका स्थानीयलाई राहतको लागि कर्कले बोलाएपछि खाद्यान्न लिनै समस्या भएको स्थानीय प्रेमसिह ठगुन्नाले दुखेसो पोख्नुभयो । कर्कले जान र आउन चार घण्टा बढि समय लाग्छ । जादाखेरी ओरालो बाटो परेपछि घर फर्किदा अढाई घण्टा बढि उकालो हिड्नुपर्छ । गरिब, असहाय, अपाङ्गता, असङ्गठित मजदुर, दलित व्यक्तिलाई वडाले राहत वितरण गर्ने नाममा झन दुख दिएको र कोरोनाको सङ्क्रमणको जोखिम समेत बढेको स्थानीय ठकुन्नाको गुनासो छ ।

शैल्यशिखर नगरपालिका वडा नम्बर ४ का वडा सचिव रामसिह बोहरा स्थानीयलाई आवतजावत गर्न समस्या भएपनि सडक नहुँदा वडासम्म खाद्यान्न ढुवानी गर्न नसकिएको बताउनु हुन्छ । वडासम्म सडक पुगेको छैन् । वडामा पान लि, भ्याट विल भएका ढुवानी गर्न सक्ने पसलहरु पनि छैनन् उहाँले भन्नुभयो, वडाले खाद्यान्न व्यवस्थापन गर्न नसक्ने अवस्था आएपछि नगरपालिकालाई आग्रह गर्दा डिलाशैनीको कर्कले र शैल्यशिखरकै बगरा क्षेत्रमा व्यवस्थापन गरिएको हो । नगरपालिकाले गरेको व्यवस्था अनुसार खाद्यान्न वितरण गरेको उहाँले बताउनु भयो ।

वडाले वडाभरीका १ सय ४५ परिवारलाई राहत वितरण गर्न लागेको र वैशाख १५ गते १ सय १६ परिवारलाई राहत वितरण गरेको वडा सचिव बोहराले जानकारी दिनुभयो । जिल्ला प्रशासन कार्यालय, दार्चुलाले वैशाखदेखि पास वितरणमा कडाइ गरेको छ । गृह मन्त्रालयको निर्देशनअनुसार अत्यावश्यकबाहेकका पास वितरणमा कडाइ गरिएको सहायक प्रमुख जिल्ला अधिकारी टेकसिह कुँवरले बताउनु भयो । बाहिरबाट उद्धार गर्दा गाउँमा तयार गरिएका क्वारेन्टाइनमा नबसेरै घरमा जाँदा समस्या हुने अवस्था आएपछि कडाइ गरिएको सहायक प्रमुख जिल्ला अधिकारी कुँवरको भनाइ छ । जिल्ला प्रशासन कार्यालय, दार्चुलाले खाद्यान्न, तरकारी, ग्याँस, औषधि, एम्बुलेन्स तथा बिरामी बोक्नको लागि लकडाउन यता वैशाख १५ गतेसम्म २ सय ५५ पास वितरण गरेको छ ।

**इन्सेक बैतडी जिल्ला प्रतिनिधि नरी बडुका** अनुसार लकडाउनका कारण जिल्लाभरी रोकिएको खोप सेवा सुरु भएको छ । स्वास्थ्य सेवा विभागले नियमित खोप सेवा सुरु गर्ने परिपत्र गरेसँगै जिल्लामा पनि नियमित खोप सेवा सुरु भएको स्वास्थ्य कार्यालय, बैतडीका खोप सुपरभाइजर हरिश भट्टले जानकारी दिनुभयो । बालबालिकालाई जन्मेदेखि १५ महिनासम्म दिइने विभिन्न खोपहरु ३ सय ३१ खोप केन्द्रबाट तालिका अनुसार सुचारु गरिएको भट्टको भनाइ छ । बालबालिकाहरुलाई जन्मेदेखि १५ महिनाभित्र विभिन्न रोग विरुद्ध ११ प्रकारका खोप र गर्भवती महिलालाई लगाइने टिडी खोप पनि सुचारु भएको खोप सुपरभाइजर भट्टले बताउनु भयो ।

**इन्सेक अछाम जिल्ला प्रतिनिधि शिवराज ढुङ्गानाका** अनुसार कोरोना सङ्क्रमणको नियन्त्रणका लागि पञ्चदेवल विनायक नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने जुनसुकै व्यक्तिलाई २१ दिन क्वारेन्टाइनमा राख्ने र अटेर गरे कानुनी कार्वाही गर्ने सूचना वैशाख १४ जारी गरेको छ । नगरबाहिरबाट जोसुकै व्यक्ति नगरमा प्रवेश गरेको पाइएमा अनिवार्य रुपमा २१ दिन क्वारेन्टाइनमा राखिने र क्वारेन्टाइनमा बस्न अटेर गरे, लुकिछिपी नगरमा प्रवेश गरेमा कानुनी कार्वाही गरिने प्रमुख प्रशासकीय अधिकृत पदमबहादुर माझीद्धारा हस्ताक्षरित सूचना उल्लेख गरिएको छ । सरकारद्धारा थप गरिएको लकडाउनको कडाइका साथ पालना गर्न जिल्ला प्रशासन कार्यालय, अछामले वैशाख १५ गते अपिल जारी गरेको छ । सरकारद्धारा जारी गरिएको लकडाउन र स्थानीय प्रशासन ऐन २०२८ को ६ (३) को निषेधाज्ञाको निर्णय कार्यान्वयन गरी नागरिकको कर्तव्य पालना गर्न आव्हान गरिएको छ । लकडाउन र स्थानीय प्रशासनले गरेको निषेधाज्ञाको बर्खिलाप भएको पाइएमा कानुनी कार्वाही गरिने प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलद्धारा हस्ताक्षरित अपिलमा उल्लेख छ । लकडाउनको पालना गराउन यसअघि जिल्ला प्रशासन कार्यालयले पटकपटक सचेनतामूलक सूचना जारी गर्दै आएको छ ।

**इन्सेक डडेल्धुरा जिल्ला प्रतिनिधि भूपेन्द्र विष्टका** अनुसार लकडाउनको समयमा अपाङ्गता भएका व्यक्ति, वेसाहारा र दैनिक ज्यालामजदुरी गर्ने अमरगढी नगरपालिका - १ का ३० परिवारलाई प्रतिपरिवार ३० केजी चामल राहतस्वरुप वितरण गरिएको छ । नेपाली काङ्ग्रेस अमरगढी नगर सभापति दानबहादुर पालले वडा नम्बर १ का वडा अध्यक्ष लोकबहादुर ऐरको उपस्थितिमा खाद्यान्न हस्तान्तरण गर्नु भएको हो । नगरसभापति पालले यसअघिसमेत वडा कार्यालयसँगको समन्वयमा नगरका विभिन्न स्थानमा राहतस्वरुप खाद्यान्न वितरण गर्नु भएको थियो । सरकारी नियमानुसार राहत वितरण गरेको भएपनि अझै समस्या रहेको अमरगढी नगरपालिका वडा नम्बर १ का वडा अध्यक्ष लोकबहादुर ऐरको भनाइ छ ।

गन्यापधुरा गाउँपालिकामा दीर्घरोगीहरुको घरघरमै पुगेर औषधि उपलब्ध गराउन थालिएको छ । स्थानीय युवा लोकेन्द्र पनेरु र जीवन बोहरा दीर्घरोगीहरुको घरसम्म पगेर ओषधिको व्यवस्था गरेका हुन् । नेपाल सरकारले लकडाउनको घोषणा गरेको बेला स्थानीय स्वास्थ्य चौकीमा उपलब्ध नभएका औषधिहरु जिल्ला सदरमुकामबाट ल्याएर घरघरमा वितरण गरेका छन । सबैले जिल्लासम्म जान नसक्ने भएकाले गाउँपालिकाभित्रका वडामा यस्तो व्यवस्था गरिएको युवा लोकेन्द्र पनेरुले बताउनु भयो । गाउँपालिकाको वडा नम्बर १ मत्कट्यामा एक जना, वडा नम्बर २ सिमलपुरमा दुई जना र वडा नम्बर ४ मा ६ जनालाई औषधि उपलब्ध गराइएको र बाँकी स्थानमा पनि औषधिको व्यवस्था गरिने स्थानीय युवा पनेरुलेको भनाइ छ ।

**इन्सेक कैलाली जिल्ला प्रतिनिधि मैनामोती चौधरीका** अनुसार सामाजिक विकासको लागि सचेत समाज(सीएसएसडी), धनगढीका मीना चौधरीले कैलारी गाउँपालिकालाई क्वारेन्टाइन व्यवस्थापनका लागि सात क्वीन्टल चामल, ३७ ओटा सेनिटाइजर, १ सय ३१ पिस साबुन, ब्ल्याङ्केट र झुल २०/२० थान, बाल्टिन, जग, डोरी लगायतको सामग्री गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत खगेन्द्रराज जोशीलाई हस्तान्त्रण गर्नु भएको छ । कैलारी गाउँपालिकाले हसुलियास्थित दीपेन्द्र माध्यमिक विद्यालयमा तयार गरिएको क्वारेन्टाइनमा १५जना रहनु भएको र क्वारेन्टाइनमा बस्न आउनेको सङ्ख्या बढेको हुँदा व्यवस्थापनका लागि आवश्यक सामग्रीको खाँचो रहेको प्रशासकीय अधिकृत खगेन्द्रराज जोशीले बताउनु भयो । यसैगरी कैलारी गाउँपालिकाको सम्पूर्ण वडामा दोस्रो चरणको राहत वितरणको कार्य सुरु गरिएको छ । प्रदेश सरकारले उपलब्ध गराएको राहत प्रदेश सरकारकै मापदण्ड अनुसार वडा अध्यक्षहरुको समन्वयमा वडा सदस्यहरुमार्फत विपन्न वर्गका परिवारलाई वितरण गर्न थालिएको गाउँपालिकाका प्रवक्ता कमलप्रसाद चौधरीले जानकारी दिनुभयो ।

**इन्सेक डोटी जिल्ला प्रतिनिधि बाशुदेव जोशीका** अनुसार के आई सिंह गाउँपालिकाले सात वटै वडाहरुमा रहेका जेष्ठ नागरिक एकल महिला र पाँच वर्षमूनिका बालबालिकाले पाउँदै गरेको सामाजिक सुरक्षा भत्ता घरघरमै गएर वितरण गर्न लागिरहेको गाउँपालिकाका नायब सुब्बा जनकबहादुर कठायतले जानकारी दिनुभयो । प्रत्येक वडामा सचिवहरुमार्फत घरघरमै गएर सामाजिक दुरी कायम गरी सामाजिक सुरक्षा भत्ता वितरण गरिएको गाउँपालिकाका उपाध्यक्ष मिना बिष्टले बताउनु भयो ।

पुर्बिचौकी गाउँपालिका र बोगटानफुड्सिल गाउँपालिका स्थायी घर भई काठमाडौँमा अलपत्र परेका १ सय जना विद्यार्थीहरुलाई वैशाख १५ गते प्रतिनिधी सभा सदस्य प्रेम आलेको पहलमा उद्धार गरी सम्बन्धि स्थानीय तहले निर्माण गरेका क्वारेन्टाइनमा राखिएको बोगटान गाउँपालिकाका अध्यक्ष कमल गडशिलाले बताउनु भयो । लकडाउनका कारण काडमाडौँमा समस्यामा परेका विद्यार्थीलाई जिल्ला ल्याई अनिवार्य रुपमा २१ दिन क्वारेन्टाइनमा राख्ने व्यवस्था गरेको पुर्बिचौकी गाउँपालिकाका अध्यक्ष दिर्घराज बोगटीले बताउनु भयो ॥

दिपायल सिलगढी नगगरपालिकाले वडा नम्बर ८ का ४३ परिवारलाई खाद्यान्न वितरण गरेको वडा अध्यक्ष रामबहादुर खड्काले बताउनु भयो । तीन जना सदस्यभन्दामाथि सदस्य रहेका परिवारलाई ३० केजी चामल, तीन केजी दाल, दुई लिटर तेल, दुई केजी नुन, दुई केजी चिनी र चार पिस साबुन, दुई जना सदस्य रहेको परिवारलाई १५ केजी चामल, डेढ केजी दाल, एक केजी चिनी, एक लिटर तेल, एक पिस सावुन वितरण गरिएको र बाँकी रहेका परिवारलाई दोस्रो चरणमा राहत वितरण गरिने वडा अध्यक्षले खड्कले बताउनु भयो ।

जिल्लाबाहिरबाट वैशाख १४ गतेसम्म बिभिन्न ठाउँबाट आएका ५९ जनालाई २१ दिनसम्म अनिवार्य क्वारेन्टाइमा बस्ने गरी व्यवस्थापन गरिएको जिल्ला स्वास्थ्य कार्यालय, डोटीका कोराना सम्पर्क व्यक्ति सुर्य बिष्टले बताउनु भयो । जसमा ११ जना महिला ४७ जना पुरूष र एक जना बालक रहेको उहाँले बताउनु भयो । जिल्लाका सबै स्थानीय तहहरु गरी १ हजार बेड क्वारेन्टाइमका लागि तयारी अवस्थामा राखिएको जिल्ला स्वास्थ्य कार्यालय,डोटीले जनाएको छ ।

**इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय,धनगढी**